**Nepali**

# हङकङमा युवा सेवाहरू, लागूपदार्थ उपचार तथा पुनर्स्थापना सेवाहरू र सामुदायिक विकास सेवाहरूको संक्षिप्त विवरण

## सेवा निर्देश

- युवाहरूका विविध तथा बदलिदो आवश्यकताहरूको समाधान गर्नलाई हामी सेवाको एउटा **समग्र र एकिकृत उपाय** अपनाउँछौं।

- युवाहरूलाई जिम्मेवार, परिपक्क तथा समाजमा योगदान दिने सदस्य बन्नमा सहयोग प्रदान गर्न उनीहरूका लागि बृहत्त क्षेत्रमा **रोकथाममूलक, विकासमूलक तथा सुधारात्मक सेवाहरू** संचालन गर्नका लागि सामाजिक कल्याण विभागले गैर-सरकारी संस्थाहरूलाई अनुदान दिने तथा अनुगमन गर्ने गर्दछ।

## A. हङकङका मुख्य युवा सेवाहरू

### द्रुत पहिचान तथा हस्तक्षेप

### *एकिकृत बाल तथा युवा सेवा केन्द्रहरू (Integrated Children and Youth Services Centres)*

- छरछिमेकका 6 तथा 24 वर्षभित्रका बालबालिका तथा युवाहरूमा सेवा पुऱ्याउनका लागि एकिकृत बाल तथा युवा सेवा केन्द्रहरूको स्थापना गरिएको छ। सेवाहरू एउटा सेवा समग्रताका आधारमा प्रदान गरिन्छ। **मूलभूत कार्यक्रमहरूमा** मार्गनिर्देशन तथा परामर्शहरू, पिछडिएका परिस्थितिका युवाहरूका लागि टेवामूलक कार्यहरू, सामाजिकीकरण कार्यक्रम र सामाजिक उत्तरदायित्वको र दक्षताको विकास पर्दछन्। **गैर-मूलभूत कार्यक्रमहरू** जस्तै ड्रप इन सेवा, रूची समूह, समर युवा कार्यक्रम तथा अध्ययन कोठा सेवाहरू पनि बालबालिका तथा युवाहरूमा आफ्नो फुर्सदको समयलाई उत्पादनमूलक ढंगमा बिताउने अवसर प्रदान गर्नका लागि उपलब्ध गराइन्छ। केन्द्रहरूको सूचीको लागि, कृपया समाज कल्याण विभागको वेबसाइट www.swd.gov.hk मा हेर्नुहोस्।

*विद्यालय सामाजिक कार्य सेवा*

- विद्यालय सामाजिक कार्य सेवा यस **"प्रत्येक सेकेण्डरी विद्यालयका लागि एकजना विद्यालय सामाजिक कार्यकर्ता"** को नीति अनुसार कार्यान्वयन गरिन्छ। प्रत्येक सेकेण्डरी दिवा विद्यालयमा आवश्यकतामा रहेका विद्यार्थीहरूको पहिचान तथा उनीहरूलाई शैक्षिक, सामाजिक वा भावनात्मक समस्याहरूमा सहयोग गर्न एकजना पूर्णकालनीन सामाजिक कार्यकर्ता उपलब्ध गराइन्छ। कृपया सोधपूछका लागि सम्बन्धित विद्यालयमा सम्पर्क गर्नुहोस्।

*विद्यालय पश्चातका स्याहार कार्यक्रम*

- विद्यालय पश्चातका स्याहार कार्यक्रम (ASCP) ले काम या अन्य कारणले गर्दा **विद्यालय पश्चातका समयमा** उचित स्याहार उपलब्ध गराउन असमर्थ हुने अभिभावकहरूका **6 देखि 12 उमेरका बालबालिकाहरूका लागि टेवामूलक सेवाहरू** प्रदान गर्ने लक्ष्य राख्दछ। सेवाहरूमा गृहकार्य सहायता, खानाको सेवा, अभिभावक मार्गनिर्देशन तथा शिक्षा, सीपमूलक तालिम तथा अन्य सामाजिक गतिविधिहरू पर्दछन्। केन्द्रहरूको सूचीको लागि, कृपया समाज कल्याण विभागको वेबसाइट www.swd.gov.hk मा हेर्नुहोस्।

- ASCP केन्द्रहरू **आन्तरिक वित्त तथा शुल्क -लगाउने आधारमा सञ्चालित रहन्छन्**। "शुल्क छूट अनुदान योजना" ("Fee-waiving Subsidy Scheme") अन्तर्गत पूर्ण शुल्क वा आधा शुल्क कटौती खुला रोजगारीमा संलग्न रहेका वा कार्य सम्बन्धी तालिम लिएका आवश्यकतामा रहेका न्यून आय भएका परिवारहरूलाई ASCP को प्रयोगलाई सुनिश्चित गर्न उपलब्ध गराइन्छ जसकारण तिनीहरूको स्वाधिनता बलियो बनाउन सकिन्छ। आवश्यकतामा रहेका र योग्य परिवारहरूले आवेदन दिने सम्बन्धमा सिधै केन्द्रहरूमा सम्पर्क गर्न सक्छन्।

- लामो समयसम्म/अनियमित रूपमा, हप्ताको अन्तिम दिनहरूमा वा कर्मचारी बलमा सहभागी हुन इच्छा भएका अभिभावकहरूको सहायतालाई अझ बलियो बनाउन, डिसेम्बर 2014 बाट ASCP लाई सेवाको समय हप्ताको अन्तिम दिनहरूको साँझ, शनिबार, केही ASCP केन्द्रहरूमा आइतबार र विद्यालय विदाका दिनहरूमा अतिरिक्त शुल्क कटौती र नि:शुल्क कटौती ठाउँहरूमा विस्तारित गरिएको छ।

सही समयमा सहायता

*डिस्ट्रिक्ट युथ आउटरिचिङ्ग सोशल वर्क सर्भिस*

- डिस्ट्रिक्ट युथ आउटरिचिङ सोशल वर्क टोलीलाई क्षेत्रव्यापी आधारमा 6 देखि 24 वर्षभित्रका परम्परागत सामाजिक वा युवा कृयाकलापहरूमा सामान्यत सहभागी नहुने तथा अनपेक्षित प्रभावहरूको खतरामा हुने युवाहरूसम्म **पुगेर परामर्श तथा मार्गनिर्देशनहरू प्रदान गर्न** उपलब्ध गराइन्छ। अति जोखिममा परेका युवाहरूका आवश्यकताहरूको समाधन गर्न तथा बाल गिरोह समस्याहरूको समाधान गर्नका लागि यो कार्यक्रम प्रभावकारी छ। टोलीहरूको सूचीको लागि, कृपया सामाजिक कल्याण विभागको वेबसाइट www.swd.gov.hk मा हेर्नुहोस्।

*ओभरनाइट आउटरिचिङ्ग सर्भिस फर यंग नाइट ड्रिफ्टर्स*

- ओभरनाइट आउटरिचिङ सर्भिस फर यंग नाइट ड्रिफ्टर्स क्षेत्रव्यापी आधारमा सम्भावित नैतिक खतराप्रति सम्पर्कमा आएका **उच्च जोखिममा परेका रात्री युवा फिरन्तेहरूमा** उपलब्ध गराइन्छ। टोलीहरूको सूचीको लागि, कृपया सामाजिक कल्याण विभागको वेबसाइट www.swd.gov.hk मा हेर्नुहोस्।

*जोखिममा परेका युवाको लागि हटलाइन सेवा*

- हङकङ फेडरेशन अफ युथ ग्रुप्सद्वारा संचालित हटलाइन सेवाले **(2777 8899)** जोखिममा परेका युवाहरूलाई **टेलिफोन सम्पर्कका** माध्यमबाट तात्कालिक परामर्श प्रदान गर्दछ। टेलिफोनकर्तालाई प्रदान गरिने सेवामा टेलिफोनद्वारा मार्गनिर्देश र परामर्श, तात्कालिक हस्तक्षेपका लागि व्यक्तिगत परामर्श तथा अन्य उपयुक्त सेवा एकाइहरूका सन्दर्भहरू पर्दछन्।

*बालबालिका र युवा विकासका लागि डिस्ट्रिक्ट सहायता योजना*

- यस योजनाले जिल्लास्तरका पिछडिएका परिस्थितिमा रहेका जन्म देखि 24 वर्षका बालबालिका तथा युवाहरूका विकासमूलक आवश्यकताहरूको पूर्ती गर्ने लक्ष्य राख्दछ। वञ्चित बाल तथा युवाहरूलाई आफ्नो विकासका आवश्यकताहरू पुरा गर्न **प्रत्यक्ष नगद सहायताको** रूपमा स्रोतहरूको वितरण गरिन्छ साथै कार्यक्रमको खर्च उठाउन परियोजनाका आधारमा पनि गरिन्छ। ग्राहक सेवा आवश्यक पर्ने ग्राहकहरूले विवरणका लागि आफ्ना सम्बन्धित सामाजिक

कार्यकर्तालाई भेट्न सक्नेछन्।

युवाहरूलाई पुन: उचित मार्गतर्फ लैजाने

*समुदाय सहायता सेवा योजना*

- समुदाय सहायता सेवा योजना (CSSS) ले **पुलीस सुप्रिन्टेन्डेन्ट्स डिस्क्रिशन स्किम अन्तर्गत चेतावनी** दिइएका बाल तथा युवाहरूलाई मुलधारको शिक्षा तथा कार्यदलमा पुन: समायोजन गराउने तथा उनीहरूको गल्ती दोहोऱ्याउने सम्भावनालाई कम गराउने उद्देश्यले सहयोग प्रदान गर्दछ। सेवाहरूमा व्यक्तिगत तथा पारिवारिक परामर्श, उपचारात्मक समूहहरू, सीपमूलक तालिम वा शैक्षिक समूह, साहसिक क्रियाकलाप साथै मनोरञ्जनात्मक र सामुदायिक सेवाहरू पर्दछन्। उच्चतम सेवा प्रदान गर्ने उद्देश्यले, प्रत्येक एकिकृत बालबालिका तथा युवा सेवा केन्द्रमा एउटा CSSS टोली संलग्न रहेको हुन्छ। टोलीहरूको सूचीको लागि, कृपया सामाजिक कल्याण विभागको वेबसाइट www.swd.gov.hk मा हेर्नुहोस्।

B. लागूऔषध उपचार तथा पुनर्स्थापना सेवा

*नशालु पदार्थ दुरुपयोगकर्ताहरूका लागि परामर्श केन्द्र*

- साइकोट्रपिक पदार्थ दुरुपयोगकर्ताहरूका लागि परामर्श केन्द्रले लत **लागेका/कहिलेकाहीं/सम्भाव्य नशालु पदार्थ दुरुपयोगकर्ताहरूका साथै उच्च जोखिममा परेका युवाहरूलाई** साइकोट्रपिक पदार्थ दुरुपयोगबाट अलग रहेर एउटा स्वस्थ जीवनयापन गर्न मद्दत गर्ने उद्देश्यले परामर्श र सहयोग पुऱ्याउने लक्ष्य राख्दछ। उपलब्ध सेवाहरूमा (i) नशालु पदार्थ दुरुपयोगकर्ताहरू र तिनका परिवार सदस्यलाई मामिला तथा सामूहिक परामर्श; (ii) सेकेण्डरी स्कूल, पोस्ट-सेकेण्डरी स्कूल संस्था र व्यावसायिक तालिम संगठनहरूका विद्यार्थीहरू र समुदाय स्तरका जन साधारणहरूका लागि नियमित रोकथाममूलक शैक्षिक कार्यक्रम; (iii) सम्बन्धित पेशेवरहरूका लागि व्यावसायिक तालिम; (iv) सुरुमै पहिचान गर्न र चाँडै उपचार गर्नका लागि आवश्यकतामा रहेका मानिसहरूका लागि स्थलगत चिकित्सा उपचार तथा पुनर्स्थापना सेवाहरू पर्दछन्। केन्द्रहरूको सूचीको लागि, कृपया सामाजिक कल्याण विभागको वेबसाइट www.swd.gov.hk मा हेर्नुहोस्।

*आवासीय लागूपदार्थ उपचार तथा पुनर्स्थापना केन्द्र तथा हाफवे हाउसहरू*

- आवासीय लागूपदार्थ उपचार तथा पुनर्स्थापना केन्द्र तथा हाफवे हाउसहरूले **स्वेच्छाले लागूपदार्थ उपचार, पुनर्स्थापना तथा सामाजिक एकीकरणमा** भाग लिन चाहने लागूपदार्थका दुर्व्यसनीहरूमा सेवा पुऱ्याउँछ। ठोस सेवा तथा सेवापश्चात् स्याहारको व्यवस्थाहरूका साथमा, यसले लागूपदार्थ दुरुपयोगकर्ताहरूलाई लागू औषधिको लत हटाउन, व्यवहारमा सकारात्मक परिवर्तन ल्याउन, जीवनमा नयाँ दिशा निर्माण गर्न तथा समुदायमा पुन: एकीकृत हुनमा मद्दत गर्ने प्रयास गर्दछ। अनुदित केन्द्रहरूको सूचीको लागि, कृपया सामाजिक कल्याण विभागको वेबसाइट www.swd.gov.hk मा हेर्नुहोस्।

*लागूपदार्थ परामर्श केन्द्र*

- लागूपदार्थ परामर्श केन्द्रले **लागूपदार्थ दुरुपयोगकर्ताहरूलाई** लागूपदार्थ दुरुपयोगबाट अलग रहन, **पूर्व-लागूपदार्थ दुरुपयोगकर्ताहरूलाई** लागूपदार्थबाट टाढै रहिरहन तथा **लागूपदार्थ दुरुपयोगकर्ताहरू र पूर्व लागूपदार्थ दुरुपयोगकर्ताहरूको परिवारका सदस्यहरूलाई** लागूपदार्थ दुरुपयोगबाट उत्पन्न समस्याहरूको समाधान गर्नमा सहयोग प्रदान गर्ने लक्ष्य राख्दछ। उपलब्ध सेवाहरूमा (i) व्यक्तिगत तथा सामूहिक परामर्श, (ii) सामूहिक कृयाकलापहरू, (iii) विभिन्न लक्षित समूहहरुका लागि रोकथाममूलक शैक्षिक सेवाहरू (iv) शीघ्र पहिचान गर्न र शीघ्र उपचार तथा पुनर्स्थापन सेवाहरू प्राप्त गर्न लागूपदार्थ दुरुपयोगर्ताहरूलाई प्रोत्साहन गर्ने उद्देश्यले स्थलगत चिकित्सा उपचार सेवा समावेश हुन्छन्। केन्द्रहरूको सूचीको लागि, कृपया सामाजिक कल्याण विभागको वेबसाइट www.swd.gov.hk मा हेर्नुहोस्।

## C. <u>सामुदाय विकास सेवाहरू</u>

*सामुदाय केन्द्र*

- सामाजिक सम्बन्ध तथा आपसी सहयोगको प्रवर्द्धन गर्ने; आत्म निर्भरताको भावना, सामाजिक जिम्मेवारी तथा समुदायमा संलग्नताको विकास गर्ने; तथा सामुदायिक समस्याहरूको समाधान गर्न र जीवनस्तरमा सुधार ल्याउन व्यक्ति तथा परिवारलाई सशक्त गर्ने सामुदायिक केन्द्र **सबै उमेर समूहहरूका लागि एउटा क्षेत्रमा अवस्थित केन्द्रविन्दु** हो। केन्द्रहरूको सूचीको लागि, कृपया सामाजिक कल्याण विभागको वेबसाइट www.swd.gov.hk मा हेर्नुहोस्।

## *नेवरहुड लेभल कम्युनिटी डेभलप्मेन्ट प्रोजेक्ट (NLCDP)*

- नेवरहुड लेभल कम्युनिटी डेभलप्मेन्ट प्रोजेक्ट (NLCDP) कल्याणकारी सेवा तथा सुविधाहरू अपर्याप्त वा हुँदै नभएका **वञ्चित तथा अस्थायी समुदायहरूमा** सेवा पुऱ्याउनका लागि हो। समुदायका जोखिममा परेका समूहहरूलाई सेवा दिन धेरैवटा समुदायमा आधारित सेवाहरूको संचालन साथै अस्थायी आवास क्षेत्रहरू, सुकुम्बासी क्षेत्र तथा सार्वजनिक आवास क्षेत्रको क्लिअरेन्स कार्यक्रममा कमीले गर्दा NLCDP सेवा समाप्त हुँदै जानेछ भन्ने अनुमान गरिन्छ। टोलीहरूको सूचीको लागि, कृपया सामाजिक कल्याण विभागको वेबसाइट www.swd.gov.hk मा हेर्नुहोस्।

## *स्याहार र सहायता नेटवर्किङ टोली (CSNT)*

- स्याहार र सहायता नेटवर्किङ टोलीले मुख्यत: **वेस्ट कोलुनका पूर्व-अपराधीहरू**, **पूर्व मानसिक रोगीहरू** तथा सडकमा सुत्नेहरूलाई आउटरिचिङ, सहायता, केसवर्क तथा सामुहिक कार्य सेवाहरूका माध्यमबाट समुदायमा पुन: घुलमिल हुन सहायता प्रदान गर्ने लक्ष्य लिएको छ। टोलीहरूको सूचीको लागि, कृपया सामाजिक कल्याण विभागको वेबसाइट www.swd.gov.hk मा हेर्नुहोस्।

युथ सेक्सन (Youth Section)
युथ एण्ड करेक्सन्स ब्रान्च (Youth and Corrections Branch)
समाज कल्याण विभाग (Social Welfare Department)
नोभेम्बर 2016